राजापुर नगरपालिका

राजापुर नगर स्वास्थ्य ऐन, २०७७

राजापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

राजापुर, बर्दिया

५ नं. प्रदेश

नेपाल

ऐन संख्या : ३/२०७७-०७८

नगर प्रमुख श्री शिव प्रसाद चौधरी ज्यूबाट,
प्रमाणिकरण मिति : २०७७/०४/०१
नगर सभाबाट पारित मिति : २०७७/०३/२८

राजापुर नगर स्वास्थ्य ऐन, २०७७

प्रस्तावना : नेपालको संविधानको धारा ५७ को उपधारा ४ मा उल्लेखित अधिकारको प्रयोजन गर्दै स्वास्थ्य सेवाको गुणस्तरीयता र सेवामा सबै नागरिकको पहुँच कायम गर्न आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा राजापुर नगरपालिकामा स्थापना भएका र भविष्यमा स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायमा व्यापक सुधार गर्दै वैज्ञानिक,समयानुकूल र उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विकास र विस्तार गर्न, गराउन तथा नगरपालिकाले सम्पादन गर्नुपर्ने संविधानको वृस्तृतिकरणमा उल्लेख भएका कार्य सम्पादनको लागि स्पष्ट कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२६ अनुसार राजापुर नगरपालिकाको नगरसभाबाट राजापुर नगरपालिकाको नगर स्वास्थ्य ऐन, २०७७ तयार गरिएको छ ।

परिच्छेद : १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस ऐनको नाम **"राजापुर नगर स्वास्थ्य ऐन, २०७७"** रहेको छ ।

(ख) यो ऐन राजापुर नगरपालिका भर लागु हुनेछ ।

(ग) नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात यो ऐन तुरुन्त लागुहुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले राजापुर नगर स्वास्थ्य ऐन, २०७७ लाई सम्झनु पर्दछ ।

(ख) "**संघीय ऐन**" भन्नाले संघीय संसदले बनाएको स्वास्थ्य सम्बन्धी ऐनलाई बुझ्नु पर्दछ ।

(ग) "**कार्यपालिका**" भन्नाले राजापुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "**नगरपालिका**" भन्नाले राजापुर नगरपालिका लाई सम्झनु पर्छ ।

(ङ) "**सामुदायिक वा गैरसरकारी स्वास्थ्य संस्था**" भन्नाले सामुदायिक स्वामित्वमा, ट्रष्ट, लोककल्याणकारी संस्थाहरु तथा गैरनाफामुलक गैरसरकारी लगानि तथा स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य सेवा प्रदायक संस्थालाई सम्झनु पर्दछ ।

(च) "**निजी**" भन्नाले निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवा प्रदायक संस्थालाई सम्झनु पर्दछ ।

(छ) "**स्वास्थ्य समिति**" भन्नाले दफा ८ अनुसार नगरपालिकामा गठित स्वास्थ्य समितिलाई सम्झनु पर्दछ ।

(ज) "**अनुगमन समिति**" भन्नाले दफा १० अनुसार नगरपालिकामा गठित नगर स्वास्थ्य अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) "**सञ्चालन तथा व्यवस्थापन समिति**" भन्नाले दफा ११ अन्तर्गत गठित स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

२०७७/०४/०१
शिव प्रसाद चौधरी
नगर प्रमुख

(ञ) "**सिकलसेल उपचार तथा ब्यवस्थापन केन्द्र**" भन्नाले दफा २१ बमोजिम स्थापित हुने केन्द्रलाई सम्झनु पर्दछ ।

(ट) "**स्वास्थ्य संस्था**" भन्नाले सरकारी तथा निजी स्तरबाट सञ्चालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय, निजी पोलिक्लिनिक, क्लिनिक, डाइग्नोस्टिक सेन्टर तथा स्वास्थ्य सम्बन्धी काम गर्ने सम्पुर्ण संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ठ) "**स्वास्थ्य सेवा**" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी) , आयुर्वेद , होमीयोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा , योग, फिजियोथेरापी, अकुपन्चर, आम्ची, चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक ,प्रबर्द्धनात्मक , निदानात्मक ,उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक (पालिएटिभ) सेवा सम्झनु पर्छ ।

(ड) "**आकस्मिक स्वास्थ्य सेवा**" भन्नाले आकस्मिक घटना वा आपतकालिन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल प्रदान गरिने सेवा सम्झनु पर्छ।

(ढ) "**आधारभुत स्वास्थ्य सेवा**" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा नि शुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

(ढ) '**प्रजनन स्वास्थ्य**' भन्नाले मानिसका प्रजनन प्रणाली, प्रजनन अंगहरुको स्वास्थ्य, प्रजनन र यौन सम्बन्धी सम्पूर्ण विषयहरु भन्ने जनाउँछ ।

(ण) "**पूर्ण खोप सेवा**" भन्नाले नेपाल सरकारको प्रोटोकल अनुसार दिइने सम्पूर्ण खोपलाई नै पूर्ण खोप सेवा बुझिने छ ।

(त) "**सेवा प्रदायक**" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका बिषयमा निश्चित योग्यता वा तालिम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक , स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्छ ।

(थ) "**आकस्मिक चक्र कोष**" भन्नाले दफा ६ को उपदफा २ तथा दफा १५ अनुसार प्रसुति केन्द्रमा स्थापित चक्रकोषलाई सम्झनु पर्छ ।

परिच्छेद : २

स्वास्थ्य सेवाको पहुँच, सेवा प्रदायक र स्वास्थ्य सेवा प्रवाहको ब्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा** : (१) नगरपालिकाका प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवाहरु तोकिए बमोजिम सहज र सर्वसुलभ रुपमा निःशुल्क प्रदान हुनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुमा नगरपालिकाले आन्तरिक स्रोत परिचालन गरी थप गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह तथा ब्यवस्थापन सम्बन्धी अन्य ब्यवस्था तथा प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ ।

(४) नगरपालिकाभित्र आधारभूत तथा बिशेषज्ञ स्वास्थ्य सेवा प्रवाह गर्न गराउन तोकिए अनुसारका संगठनात्मक संरचना रहने छन् ।

(५) कुनै पनि नागरिकलाई धर्म, वर्ण, लिङ्ग, जात, भौगोलिक अवस्था आदि कारणले उपदफा (१)मा उल्लेखित स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।

(६) आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

शिव प्रसाद चौधरी
नगर प्रमुख

(क) सरकारी वा सामुदायिक : सरकारी तथा सामुदायिक स्वामित्वमा संचालनमा भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, क्लिनिक, आयुर्वेद योग प्राणायम केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजी : निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला,फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ : ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

(७) स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड : स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुने छ ।

(८) स्वास्थ्य सेवा प्रदायकसंस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड : स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरेबमोजिम हुने छ ।

४. **विशेषज्ञ स्वास्थ्य सेवा** : (१) भौगोलिक अवस्था, रोगको प्रकोप र सेवाको प्रकृतिका आधारमा नगरपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा, घुम्ती स्वास्थ्य सेवा तथा शिविरको व्यवस्थापन गर्नेछ ।

(२) कुनै पनि गैर सरकारी तथा सामाजिक संघ संस्थाले विशेषज्ञ स्वास्थ्य शिविर र सेवा संचालन गर्दा नगरपालिकासँग समन्वय गरेर स्वीकृति लिई संचालन गर्नुपर्ने छ ।

५. **आकस्मिक उपचार सेवा** :(१) नगरपालिका भित्र तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा तथा आपत्कालीन उद्धार र स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गर्न गराउनको लागि संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गर्नुपर्नेछ ।

६. **प्रेषण सेवा** : (१) आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, बिशेषज्ञ सेवा नभएको वा अन्य कुन उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा नगरपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएका बिरामीलाइ आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने उपचार तत्काल गराई थप उपचारको लागि तुरुन्त उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गरि समन्वय गर्नुपर्नेछ ।

(२) अति बिपन्न,असहाय, पिछडिएका तथा बन्चितिकरणमा परेका समुह वा स्थानीय तहले तोकिए बमोजिमका समुहहरु बिशेषतः गर्भवती तथा सुत्केरी महिला, नवजात शिशुको जीवन रक्षाको लागि प्रसूति सेवामा खटिएका तोकिएका कर्मचारीहरुबाट सम्वन्धित स्वास्थ्य संस्थामा स्थापित "आकस्मिक चक कोष" को परिचालन गरी प्रेषण सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रेषण गर्दा स्वास्थ्य संस्थाले तोकिए बमोजिम विधि र प्रक्रिया पुरा गर्नुपर्नेछ ।

(४) प्रेषण सम्बन्धी अन्य व्यवस्था प्रचलित नियम अनुसार हुनेछ ।

७. **गुणस्तरीय स्वास्थ्य सेवा** : नगरपालिकाले प्रत्येक नगरबासीलाई स्वास्थ्य संस्थाबाट गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ । गुणस्तरियताको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

२०८२/०४/०९

शिव प्रसाद चौधरी
नगर प्रमुख

परिच्छेद : ३

स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी व्यवस्था

८. **नगर स्वास्थ्य समिति गठन :** (१) नगरपालिका भित्र समग्र स्वास्थ्य क्षेत्रको व्यवस्थापन ,समन्वय, सुधार, नीति निर्माण, स्वास्थ्य क्षेत्रको विकास गर्न देहाय बमोजिमको नगर स्वास्थ्य समिति गठन गरिनेछ ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख- उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक बिकास समितिको संयोजक वा अध्यक्षले तोकेको समितिको महिला सदस्य - सदस्य

(ङ) नगरसभा सदस्य मध्येबाट नगरपालिकाले तोकेको १ जना दलित महिला सहित २ जना महिला - सदस्य

(च) स्वास्थ्य क्षेत्रका विज्ञबाट प्रत्येक २ बर्षमा परिवर्तन हुनेगरि नगर प्रमुखले तोकेको १ जना सदस्य

(छ) महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ज) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(झ) स्वास्थ्य क्षेत्रमा सेवा प्रवाह गरिराखेका सामुदायिक, निजी, गैरसरकारी क्षेत्रबाट - १ जना सदस्य

(ञ) नगर अस्पताल प्रमुख - सदस्य

(ट) योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य

(ठ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

२. नगर स्वास्थ्य समितिले आमन्त्रित सदस्यको रुपमा स्थानीय सुरक्षा प्रमुख, र स्वास्थ्य क्षेत्रका विभिन्न विषयका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३. समितिले आवश्यक ठानेमा जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धित कुनै व्यक्ति वा संस्थालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

९. **नगर स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार :** (१) नगर स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवा व्यबसायहरूलाई गुणस्तरीय, मर्यादित र व्यवस्थित बनाउने ।

(ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवसायहरु सञ्चालनका लागि अनुमति, स्वीकृति, स्वास्थ्य संस्था स्थानान्तरण, समायोजन सम्बन्धी नगरपालिकालाई सिफारिस गर्ने ।

(ग) स्वास्थ्य संस्था र स्वास्थ्य कार्यक्रमहरूकालागि आवश्यक आर्थिक अनुदान तथा स्रोत जुटाउने र प्रभावकारी परिचालन गर्ने गराउने ।

(घ) नगरपालिकावाट स्थापना भएका स्वास्थ्य संस्थाहरूमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु सिफारिस गर्ने ।

(ङ) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यबसाय र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने ।

(च) मानव स्वास्थ्यसँग सम्बन्धित विषयहरुको सम्बोधन गर्ने ।

(छ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरूको सुपरिवेक्षण तथा अनुगमन गर्ने ।

२०८६।०८।०९

शिव प्रसाद चौधरी
नगर प्रमुख

(ज) नगरपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चितताको योजना तयार गरी गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभुति गराउने।

(झ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन तथा मूल्यांकनका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने ।

(ञ) स्वास्थ्य संस्थाहरूको स्वीकृत दरबन्दीमा रिक्त भई करारमा स्वास्थ्य प्राविधिक, कर्मचारी, स्वास्थ्य स्वयमसेवक एवं स्वास्थ्य कार्यकर्ता नियुक्ति गर्नु पर्ने भएमा नगरपालिकाको करार कर्मचारी छनौट समिति मार्फत परीक्षा लिई रिक्त रहेको स्वीकृत दरबन्दीमा योग्यताक्रम तथा करार सूचि अनुसार नियुक्ति गर्ने व्यवस्था मिलाउने ।

(ट) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारण गर्न सिफारिस गर्ने ।

(ठ) स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने, गुनासा, उजुरी, सुन्ने, तथा यथोचित सम्वोधन गर्ने, गराउने ।

(ड) नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा नागरिक बडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरिक्षण, राज्यवाट निशुल्कः उपलब्ध हुने औषधिहरुको नामावली, व्यवस्थापन समितिका सदस्यहरु तथा महिला स्वस्थ्य स्वयंसेविकाहरुको फोटो सहितको नामावली, सुझाव पेटिका, आकस्मिक चक कोष तथा प्रेषण व्यबस्थापन सम्बन्धी जानकारी मुलक बोर्ड आदि जस्ता सुशासनका औजारहरुलाई अद्यावधिक गर्ने तथा सर्वसाधारणले देख्नेगरी टाँस गर्न लगाउने ।

(ढ) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सवो प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(ण) नगरकार्यपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक राय सुझाव र सल्लाह दिने ।

(त) नगरपालिकाले स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य तथा उपलब्धी बारे समिक्षा गर्ने, सुझाव दिने तथा आवश्यक लिखित पृष्ठपोषण सहित योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(थ) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्ति, औजार-उपकरण, औषधि तथा औषधिजन्य सामाग्रीको उचित उपयोग, संरक्षण र व्यबस्थापन गर्ने गराउने ।

(द) स्वास्थ्य सस्थाहरुको व्यबस्थापनका लागि आवश्यक साधन स्रोत जटुाउने र परिचालन गर्ने गराउने।

(ध) स्वास्थ्यसंस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(न) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(प) नगरकार्यपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(फ) नगर स्वास्थ्य समितिका अन्य काम, कर्तव्य, अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) समितिको बैठक र निर्णय सम्वन्धमा :

(क) समितिको बैठक चौमासीक रुपमा बस्नेछ । आवश्यकता अनुसार समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कुनै पनि बेला बैठक बोलाउन सक्नेछ ।

(ख) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसुची सहितको सुचना समितिको सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(ग) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ङ) समितिले आवश्यक ठानेमा जनस्वास्थ्य क्षेत्र सँग सम्वन्धित कुनै व्यक्ति वा सँस्था लाई समितिको बैठकमा बिशेषज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

२०८१/०८/०१
शिव प्रसाद चौधरी
नगर प्रमुख

(च) समितिको बैठक सम्वन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(छ) सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(ज) उपदफा (१) अन्तर्गत सदस्यहरुले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि बहुमत सदस्यले कार्यपालिकालाई जानकारी दिई पद वाट हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ । यसरी हटाए उपर चित्त नबुझेमा न्यायीक समितिमा उजुर लाग्नेछ ।

१०. **नगर स्वास्थ्य अनुगमन समिति सम्बन्धी व्यवस्था** :(१) नगरपालिका क्षेत्रभित्र रहेका सबै स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न नगर स्तरमा एक स्वास्थ्य अनुगमन समिति हुनेछ जसको गठन देहाय बमोजिम हुनेछ ।

(क) नगर उप प्रमुख - अध्यक्ष

(ख) सामाजिक बिकास समितिको संयोजक - सदस्य

(ग) नगर सभाका सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको एकजना दलित सहित २ जना महिला - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) सरकारी वा सामुदायिक स्वास्थ्य संस्थाका प्रतिनिधि मध्येबाट अध्यक्षले तोकेको एकजना - सदस्य

(च) नगरभित्रका स्वास्थ्य व्यवसायी संघसंस्थाहरुमध्येबाट अध्यक्षले मनोनित गर्ने प्रमुख वा प्रतिनिधि एक जना - सदस्य

(छ) स्थानीय उपभोक्ता हित संरक्षण मंचको प्रमुख वा प्रतिनिधि एक जना - सदस्य

(ज) नगरपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

२. नगर स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११. **नगर अस्पताल समिति तथा अन्य स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था** :

(१) नगर अस्पताल संचालन तथा व्यवस्थापनका लागि नगर प्रमुख संरक्षक रहेको देहाय बमोजिम नगर अस्पताल संचालन तथा व्यवस्थापन समिति रहनेछ :

(क) नगरपालिका भित्र बसोवास गर्ने कम्तिमा स्नातक तह उत्तीर्ण, सामाजिक क्षेत्रको अनुभवी मध्येबाट कार्यपालिकाले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) कार्यपालिकाबाट मनोनित समाजसेवि लब्धप्रतिष्ठित १ जना दलित सहित २ जना महिला - सदस्य

(ग) नगर स्वास्थ्य शाखा प्रमुख - सदस्य

(घ) नगर अस्पतालको प्रमुख - सदस्य सचिव

(२) नगर अस्पताल व्यवस्थापन समितिले आमन्त्रीत सदस्यको रुपमा स्थानिय सुरक्षा प्रमुख र विषयगत विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक स्वास्थ्य संस्थाको छुट्टाछुट्टै संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ । उक्त सञ्चालन तथा व्यवस्थापन समितिको संरक्षक नगर प्रमुख रहनेछ ।

(क) सम्वन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

(ख) सम्वन्धित वडाका निर्वाचित महिलाबाट समितिले मनोनित गरेको व्यक्ति - उपाध्यक्ष

(ग) स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयको महिला प्रधानाध्यापक वा महिला शिक्षक - सदस्य

शिव प्रसाद चौधरी
नगर प्रमुख

(घ) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(ङ) समितिबाट मनोनित गरेको स्थानीय व्यापार संघको प्रतिनिधि - सदस्य

(च) समितिबाट मनोनित स्थानीय महिला स्वास्थ्य स्वयं सेविकाबाट १ जना-सदस्य

(छ) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(ज) बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ ।

क. दलित/जनजातिबाट - १ जना

ख. अपांग, अशक्त वा जेष्ठ नागरिकहरुमध्येबाट - १ जना

ग. किशोरकिशोरीहरुको तर्फबाट - १ जना

(४) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार निम्नानुसार हुनेछन् :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता अनुगमन तथा मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(घ) स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्बन्धित निकायहरुसंग समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(ङ) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(च) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रबाह र सेवाको न्यूनतम मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(छ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (झ) मा भएको नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित (बुंदा १ देखि १२) कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्र भित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने ।

(ज) स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा ४ (ख) मा उल्लेखित संघ तथा प्रदेश कानूनको अधिनमा नगरपालिकाका काम कर्तब्य र अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु (बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(झ) स्वास्थ्यको बृहत् सामाजिक निर्धारक तत्वहरुको कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्ने र सर्ने तथा नसर्ने रोगहरुवाट वच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने ।

(ञ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

(ट) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायकर स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ठ) स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने ।

२०८१/०८/०१

शिव प्रसाद चौधरी
प्रमुख

(ड)स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व–मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस तथा पैरवी गर्ने ।

(ढ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा प्रवर्धन गर्ने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने र सोको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने ।

(ण)स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(त)स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(थ) विद्युतीय स्वास्थ्यको अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जाने । सोको कार्यान्वयनका लागि नगरपालिका अन्तर्गतका नगरपालिका स्वास्थ्य समिति र स्वास्थ्य शाखा संग आवश्यकसमन्वय गर्ने ।

(द) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(५) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।

(६) व्यवस्थापन समितिको कार्यकाल समाप्त भएपछि नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाल व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नुपर्नेछ ।

(७) पदभार हस्तान्तरण नभएमा वा नयाँ व्यवस्थापन समिति गठन हुन नसकेमा व्यवस्थापन समितिको गठन नगर स्वास्थ्य समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

(८) कुनै पनि व्यक्ति एक भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्नेछैन । तर पदेन सदस्यको हकमा यो लागु हुनेछैन् ।

(९)स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था कार्यविधीमा तोकिए बमोजिम हुनेछ ।

१२. **बैंक खाता सञ्चालन** :(१) हरेक स्वास्थ्य संस्थाले आफ्नो बैंक खाता खोल्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१३. **स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन सम्वन्धी ब्यवस्था** : (१) कुनै पनि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी नगरपालिकाको स्वास्थ्य समितिले कारण सहित कार्यपालिकामा सिफारिश गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पुरा गराई स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई विघटन गर्नसक्नेछ । तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

शिव प्रसाद चौधरी
नगर प्रमुख

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन हुन नसकेमा समिति गठन नभएसम्मका लागि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१४. **नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखको व्यबस्था :** (१) नगरपालिकामा स्वास्थ्य शाखा हेर्न स्वास्थ्य प्राविधिक मध्येबाट तहगत वरिष्ठताका आधारमा कार्यपालिकाले तोकेको एकजना हे.ई (Health Inspection) समुहको स्वास्थ्य शाखा प्रमुख हुनेछ । तर समान तहको हकमा संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बनाएको मापदण्ड बमोजिम हुनेछ ।

(२) स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार कार्यविधीमा उल्लेख भएकोमा बाहेक देहाय बमोजिम हुनेछ :

(क) कार्यपालिका तथा नगरसभाबाट पारित स्वास्थ्य नीति, ऐन, कानून, नियमावली, कार्यविधी कार्यान्वयन गर्न, गराउने ।

(ख) स्वास्थ्य सेवा सम्बन्धी स्थानीय योजना निर्माण गर्ने ।

(ग) नगरपालिकाको स्वास्थ्य सेवा संग सम्वन्धित कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(घ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवशायको तथ्याङ्क सहित पालीकाको स्वास्थ्य पार्श्वचित्र तयार गर्नका साथै आवधिक रुपमा अद्यावधिक गरी गराई कार्यपालिका, प्रदेश तथा संघमा नियमित रुपमा पठाउने ।

(ङ) स्वास्थ्य संस्था सञ्चालन तथा कार्यक्रम कार्यान्वयनका लागि श्रोतको पहिचान संकलन र उपलव्ध स्रोतको यथोचित बाँडफाँड गर्ने गराउने,

(च) नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुको नक्साङ्कन गरी सोको आधारमा स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यवसाय सञ्चालन गर्न अनुमति प्रदान गर्न, सेवा विस्तार एवं थप गर्न कार्य योजना वनाई स्वास्थ्य समिति समक्ष पेश गर्ने र स्विकृत भएपछि कार्यान्वयन गर्ने गराउने ।

(छ) नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा नागरिक बडापत्र, सार्बजनिक सुनुवाई, सामाजिक परिक्षण, राज्यबाट निशुल्क उपलब्ध हुने औषधीहहरुको नामावली व्यवस्थापन समितिका सदस्यहरुको फोटो सहितको नामावली, नामावलीं, महिला स्वयंसेविकाहरुको फाटो सहितको नामावली, स्वास्थ्य सेवाहरुको प्रगति विवरण, सुझाव पेटिका, आकस्मिक चक्र कोष तथा प्रेषण व्यबस्थापन सम्बन्धी जानकारीमुलक वोर्ड आदि जस्ता सुशासनका औजारहरुलाई अद्यावधिक गर्ने तथा सर्वसाधारणले देख्नेगरी टाँस गराउने । साथै स्वास्थ्य संस्थाहरुको औषधी भण्डारण कक्षको व्यवस्थापनका साथै स्वास्थ्य संस्थाहरुको अभिलेख तथा प्रतिवेदन प्रणलीलाई चुस्त दुरुस्त र समय सापेक्ष बनाउन आवस्यक सहयोग संगै निर्देशन दिने ।

(ज) स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको व्यवस्थापन गर्ने, स्वास्थ्य संस्थामा कर्मचारीको पदस्थापन सम्बन्धी कार्यका लागि सिफारिस गर्ने ।

(झ) स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको सेवा सम्बन्धि विवरण र विदाको अभिलेख अद्यावधिक गर्ने ।

(ञ) स्वास्थ्य सेवाको गुणस्तर बढाउन स्वास्थ्य संस्था, व्यवस्थापन समिति तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने ।

(ट)) नगरपालिकाको स्वास्थ्य समितिको सचिवालयको रुपमा कार्य सम्पादन गर्ने, गराउने ।

(ठ) स्वास्थ्य सेवा संग सम्बन्धित तथा आफ्नो पदिय कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने, गराउने ।

शिव प्रसाद अरी
नगर प्रमुख

परिच्छेद : ४

कोष, शुल्क तथा स्वास्थ्य संस्थाको सम्पत्ति सम्वन्धी व्यवस्था

१५. **आकस्मिक चक कोषको ब्यबस्था :** (१) राजापुर नगरपालिकाले दफा ६ को उपदफा (२) बमोजिम प्रेषण सेवालाई व्यवस्थित गराउन प्रत्येक स्वास्थ्य संस्थामा एउटा आकस्मिक चक कोषको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नगर कार्यपालिकाको स्वास्थ्य कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम,

(३) उपदफा (१) बमोजिमको कोषको स्थापना,सञ्चालन,लेखापरीक्षण तथा सार्वजनिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

१६. **शुल्क सम्वन्धी व्यवस्था:** (१) नेपाल सरकारले घोषणा गरेको निःशुल्क आधारभुत स्वास्थ्य सेवामा नगरपालिका मातहतका कुनै पनि स्वास्थ्य संस्थाबाट कुनै पनि किसिमको शुल्क लिन पाईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग स्वास्थ्य संस्थाले लिन सक्नेछ । यसरी प्राप्त स्रोतको स्पष्ट अभिलेख राख्नु पर्नेछ ।

(३) नगरपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थावाट निःशुल्क स्वास्थ्य सेवा प्रदानगर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएतापनि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागि तोकिएको बाहेकका सेवा दिन नगरपालिकाले आफ्नो पहलमा थप सेवा दिदा श्रोत र सामर्थ्य नपुगी सेवा तथा वस्तु खरिद, उपयोग, सञ्चालन व्यवस्थापनका लागि आवश्यक शुल्क निर्धारण गरी लागु गर्न गराउन सक्नेछ ।

(५) उपदफा (१) बमोजिम निःशुल्क स्वास्थ्य घोषणा गरेको स्वास्थ्य संस्था बाहेक अन्य स्वास्थ्य संस्थामा सेवा र गुणस्तरको आधारमा शुल्क निर्धारण गरी नगरपालिकाको स्विकृतिमा लागु गरिनेछ ।

(६) विरामी तथा सेवाग्रहीसँग लिने शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्वन्धमा स्वीकृति दिंदा उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ ।

(७) यस ऐन विपरीत शुल्क लिने स्वास्थ्य संस्थालाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

१७. **स्वास्थ्य संस्थाको सम्पत्ति :** (१)स्वास्थ्य संस्थाको नाममा रहेको चल अचल सम्पत्ति नगरपालिकाकै सम्पत्ति हुनेछ । प्रयोगमा आउने बाहेक अन्य सम्पती प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम नगरपालिकाको मुल खातामा जम्मा गरी संबन्धित स्वास्थ्य संस्थाको खातामा जम्मा गरीने छ ।

(२) सार्वजनिक गुठी अन्तर्गत सञ्चालित संस्थाको सम्पत्ति सोही गुठीको नाममा रहनेछ । कुनै स्वास्थ्य संस्था सार्वजनिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित संस्थाहरुको सम्पत्ति सम्वन्धित व्यक्ती वा निकायको स्वमित्वमा रहनेछ ।

२०८८/०८/०१

शिव प्रसाद चौधरी
नगर प्रमुख

(४) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित संस्थाहरुले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको पुर्व स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न नगरपालिकाको सिफारीसमा संघीय सरकारबाट पुर्व स्वीकृति लिनु पर्नेछ ।

(५) संघीय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृति बेगर र नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नगरपालिकाको स्वीकृति बेगर बेचविखन तथा अन्यथा गर्न पाइने छैन ।

१८. छुट र सुविधा : (१) सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको बाहेक अन्य स्वास्थ्यसंस्थाको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोके बमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सरकारी, सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

२०८८।०८।०७

शिव प्रसाद चौधरी
नगर प्रमुख

परिच्छेद : ५

स्वास्थ्य संरचना, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुसंग सहकार्य ,लैगीक समानता एवं सामाजिक समावेशीकरण र मानव श्रोत ब्यवस्थापन सम्बन्धी ब्यवस्था

१९. **स्वास्थ्य प्रणाली :** (१) संबिधान प्रदत्त जनताको स्वास्थ्य अधिकारलाई ब्यवहारमा पनि सुनिश्चित गराउन राजापुर नगरपालिका भित्र प्रत्येक वडामा तोकीएको सेवा प्रदान गर्न १/१ वटा स्वास्थ्य संस्था रहनेछन् । जनसंख्या र भौगोलिक अवस्था अनुसार नगरपालिकाले स्वास्थ्य संस्थाहरु थप गर्नसक्नेछ ।

(२) नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट तोकिएको कार्यालय समय अवधीभित्र आधारभुत स्वास्थ्य सेवा लगायत अन्य स्वास्थ्य सेवा प्रवाह गर्नुपर्नेछ ।

(३) प्रत्येक स्वास्थ्य संस्थामा तोकिए बमोजिमका स्वास्थ्यकर्मी, औषधी उपकरण लगायतका बन्दोबस्ती दुरुस्त हालतमा रहनुपर्नेछ ।

(४) नगरबासीहरुमा स्वास्थ्य सेवाको पहुँच बढाउन नगरपालिकाले आफ्नो मापदण्ड बनाएर स्वास्थ्य सेवा प्रदान गर्न निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुसंग आवश्यक सहकार्य गर्नेछ ।

(५) प्रत्येक स्वास्थ्य संस्थाबाट प्रवाह गरिने स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थाहरुमा गठन गरिने स्वास्थ्य समिति, उपसमिति, कार्यदल एवम् टोलीहरु समेत लैङ्गिक समानता एवम् सामाजिक समावेशीकरण सम्बेदनशिल बनाउनुपर्नेछ ।

२०. **मानव श्रोत ब्यवस्थापन :** (१) नगरपालिका क्षेत्र भित्रका सरकारी, सामुदायिक, निजी तथा गैरसरकारी क्षेत्रबाट संचालित स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरु सम्वन्धित ब्यवसायी परिषदमा अनिवार्य दर्ता भएको हुनुपर्नेछ ।

(२) नगरपालिका अन्तरर्गतका स्वास्थ्य संस्थाहरुमा सेवा प्रवाहका लागि आवस्यक जनशक्ति नेपाल सरकार र प्रदेश सरकारले ब्यवस्था गरे बमोजिम हुनेछ ।

(३)नगरपालिकास्तरमा परिचालन हुने मानवश्रोतको व्यवस्थापन नगरपालिकाले तोकेको मापदण्ड अनुसार हुनेछ ।

(४) नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले स्वयंसेवक भई कार्य गर्न चाहेमा नगरपालिकाको पुर्व स्विकृति लिई सेवा प्रदान गर्नुपर्नेछ ।

(५) स्थानिय स्रोतबाट करारमा भर्ना गरि कार्यरत कर्मचारीको सेवा, सर्त र सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(६) स्वास्थ्य संस्थामा समायोजन भई कार्यरत कर्मचारीहरु नेपाल सरकारले गरेको निर्देशन र कर्मचारी समायोजन ऐन बमोजिम हुनेगरी व्यवस्था गरिनेछ ।

(७) स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत बिद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य सम्वन्धि शिक्षा आर्जन गरेका बिद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले खटाउन सक्नेछ ।

(८) अभ्यासकर्ता स्वास्थ्यकर्मीहरुले तोकिएको प्रकृया पुरा गरि नगरपालिकाबाट अनुमति लिएर मात्र अभ्यास गर्न पाइनेछ ।

(९) नगरपालिकाले नगरपालिकाभित्र कार्यरत स्वास्थ्य जनशक्ति र स्वास्थ्य संस्थाको सेवाको मात्रा तथा गुणस्तर समेतको वैज्ञानिक स्तरमान प्रणालीका आधारमा मूल्याङ्कन गरी उत्कृष्ट स्वास्थ्यकर्मी, स्वास्थ्यसेवक, प्रतिष्ठानलाई पुरस्कृत गर्नेछ ।

शिव प्रसाद चौधरी
नगर प्रमुख

परिच्छेद : ६

सिकलसेल तथा थालेसेमिया रोग सम्बन्धी व्यवस्था

२१. **सिकलसेल तथा थालेसेमिया अनुसन्धान, उपचार तथा व्यवस्थापन** :(१) सिकलसेल तथा थालेसेमिया रोग अनुसन्धान, निदान, उपचार, रोकथाम तथा व्यवस्थापनका लागि नगरपालिकाले तोकिए बमोजिम सिकलसेल तथा थालेसेमिया उपचार तथा व्यवस्थापन केन्द्र स्थापना र संचालन गर्न सक्नेछ ।

(२) सिकलसेल तथा थालेसेमिया उपचार तथा व्यवस्थापन केन्द्रबाट सेवा प्रवाहका लागि आवश्यक न्युनतम स्रोतको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(३) नगरपालिकाले सिकेलसेल तथा थालेसिमिया न्यूनिकरण गर्न विद्यालय स्तरको पाठ्यक्रममा सो सम्बन्धी सचेतनामुलक सामग्रीहरु समावेश गर्नेछ ।

(४) नगरपालिका भित्रका सिकलसेल तथा थालेसेमिया उपचार तथा व्यवस्थापन केन्द्रहरुबाट सिकलसेल तथा थालेसेमिया न्यूनिकरणका लागि निशुल्क प्रदान गरिने सेवाहरु देहाय बमोजिम हुनेछन् :

(क) विवाहपूर्वको परामर्श

(ख) पहिलो गर्भजांच

(ग) दादुरा-रुवेलाको खोप लगाउने समय (९ महिना) मा अनिवार्य गरिने स्वास्थ्य परिक्षण

(५) सिकलसेल तथा थालेसेमिया निदान , उपचार तथा व्यवस्थापनको लागि नगरपालिकाबाट स्विकृत दरबन्दी संरचना अनुसारको जनशक्ति रहनेछ । सेवा शुल्क तथा जनशक्ति सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद : ७

हाइवे ट्रमा यूनिट, सर्पदशं उपचार इकाई तथा परामर्श केन्द्र सम्बन्धी ब्यबस्था

२२. सडक दुर्घटनाका कारण हुने घाइतेहरुको शीघ्र उपचारका लागि नगरपालिकाले हाइवे ट्रमा यूनिट स्थापना गर्नेछ ।

२३. सर्प तथा अन्य बिषालु किरा, जीवजन्तुहरुको टोकाईको उपचारको निम्ति नगरपालिकाले आवस्यकता अनुसार सर्पदशं तथा रेबिज उपचार इकाईको स्थापना गर्नेछ । यस्ता यूनिट वा इकाईहरुको दरबन्दी तथा अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ ।

२४. मानसिक रोग, सामाजिक विकृती तथा आत्महत्या सम्बन्धी समस्याहरुलाई न्युनीकरण गर्नकालागि नगरपालिकाले नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था मार्फत परामर्श तथा आधारभुत मानसिक स्वास्थ्य सेवाहरु प्रदान गर्नुपर्नेछ ।

परिच्छेद : ८

स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी ब्यवस्था

२५. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड** : (१) अस्पताल : नगरपालिकाले तोकिएको क्षेत्रभित्र १५ (पन्ध्र) शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न नगरपालिकाले अस्पताल सञ्चालन सम्वन्धी निर्देशिका बनाई सञ्चालन गर्नेछ ।

शिव प्रसाद चौधरी
नगर प्रमुख

(२) स्वास्थ्य चौकी : नगरपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तीमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी वा आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन गर्नु पर्ने छ ।

(क) जनशक्ति : नेपाल सरकार बाट तोकिएको न्युनतम मापदण्ड बमोजिमको दरबन्दी अनुसारको जनशक्ति रहने छ । आवश्यकता अनुसार नगरपालिकाले मापदण्ड र जनशक्ति थपघट गर्न सक्ने छ।

(ख) भवन कोठा : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

(ग) उपकरण : प्राथमिक उपचार र आधारभुत स्वास्थ्य सेवा सम्बन्धि उपकरण आदि ।

(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र : नगरपालिका क्षेत्र भित्र जडिवुटि, प्राकृतिक चिकित्सा , योगा, ध्यान लगायतका रोकथाम मुलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रस्टहरु संगको साझेदारीमा वा नगरपालिका आफैले देहायका पूर्वाधार पुरा गरि कम्तीमा एउटा आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र संचालन गर्न सक्नेछ ।

(क) जनशक्ति : नेपाल सरकार बाट तोकिएको दरन्दी अनुसारको जनशक्ति हुने छ, नगरपालिकाले थपजनशक्ति तोक्न सक्ने छ ।

(ख) भवन कोठा : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथामीक उपचार कक्ष ,पुर्व कर्म कक्ष जस्ता सुविधा सहितको भवन ।

२६. **निजी क्षेत्रले अस्पताल, पोलिक्लिनिक, प्रयोगशाला, फार्मेसी सञ्चालन सम्बन्धी व्यवस्था** :(१) नगरपालिका क्षेत्रभित्र निजी,गैरसरकारी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल,नर्सिङ होम,, पोलिक्लिनिक,प्रयोगशाला,फार्मेसी लगायत अन्य स्वास्थ्य सेवा सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी आएमा बढिमा १५ (पन्ध्र) शैया सम्मको सञ्चालन अनुमति नगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) नगर स्वास्थ्य समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय-पत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगर कायपालिकाले दुई बर्षभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) उपदफा (४) बमोजिम तोकिएको मापदण्ड पुरा गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

(७) आशयपत्रमा उल्लेख गरिएको समयसीमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गरिने छैन ।

(८) नगरपालिकाले नगर क्षेत्रमा संचालित सबै निजी स्वास्थ्य संस्थाहरुको अनुगमन कार्यविधी बनाई अनुगमन गर्न सक्नेछ ।

२०६६/०८/०९

शिव प्रसाद चौधरी
नगर प्रमुख

२७. अस्पताल, नर्सिङ्ग होम, **पोलिक्लिनिक, प्रयोगशाला, फार्मेसी, डाइगनोस्टिक सेन्टर तथा स्वास्थ्य सम्बन्धी अन्य सेवा सञ्चालन सम्बन्धी व्यवस्था** : १) नगरपालिकाको स्वीकृतिमा सञ्चालन हुने स्वास्थ्य सेवाहरु सञ्चालन गर्दा तोकिएको मापदण्ड पुरा गर्नुपर्नेछ ।

२८. **मापदण्ड पूरा नगरेमा सजाय हुने व्यवस्था** :(१) स्वास्थ्य संस्था,नर्सिङ्ग होम, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, तोकिए बमोजिम जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि नगरपालिकामा सिफारिस समेत गर्न सक्नेछ ।

(२) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र फार्मेसी प्राविधिक बाहेक अरुले औषधी बेचेको पाइएमा तोकिए बमोजिम जरिवाना गरी अनुमति खारेज गर्न सकिनेछ ।

(३) प्रयोगशालामा तालिम प्राप्त ल्याव असिष्टेण्ट वा टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिसापिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखिनेछ । साथै अन्य स्वास्थ्य सेवाहरु सञ्चालन गर्दा तोकिएको मापदण्ड विपरित गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

२९. **सहुलियत र छुट हुने व्यवस्था** : निजी लगानी र ट्रष्ट मार्फत् सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले कूल शैयाको कम्तीमा १० प्रतिशत शैया नगरपालिकाको सिफारिसमा तोकिए बमोजिम गरिब,असहाय र सिमान्तकृत सेवाग्राहीहरुका लागि निःशुल्क सेवाका लागि छुट्याउनु पर्नेछ ।

परिच्छेद : ९
औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी

३०. **वार्षिक खरिद योजना सम्बन्धी व्यवस्था** : (१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) खरिद सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

३१. **औषधी तथा स्वास्थ्य उपकरण खरिद सम्बन्धी व्यवस्था** :(१)औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिकाले प्रक्रिया अघि बढाउनेछ ।

(२)औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र प्रचलित कानूनहरुको प्रावधान अनुसार गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि बाढी,विपत तथा माहामारी र आकस्मिक अवस्थामा स्वास्थ्य संस्था र नगरपालिकाले प्रचलित कानुन बमोजिम आन्तरिक श्रोतबाट सोझै खरिद गर्न सक्नेछ ।

३२. **औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण सम्बन्धी व्यवस्था** : (१) खरिद गरिएको औषधी,स्वास्थ्य उपकरण प्रदेश र संघबाट प्राप्त औषधि तथा उपकरण सुरक्षित भण्डारणको व्यवस्था गर्न नगरपालिकाले स्वास्थ्य शाखाको एउटा छुट्टै भण्डार कोठाको व्यवस्थापन गर्नेछ भने हरेक स्वास्थ्य संस्थाले पनि भण्डारण कक्ष बनाउनुपर्नेछ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरीद योजना खरिद ऐन अनुसार गर्नुपर्नेछ ।

शिव प्रसाद चौधरी
नगर प्रमुख

(३) सम्वन्धित स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको औषधी तथा औषधी जन्य उपकरणको भण्डारण तथा वितरण सम्वन्धी विस्तृत विवरण मासिक रुपमा प्रतिवेदन स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

परिच्छेद : १०

स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविका सम्वन्धि व्यबस्था

३३. **कर्मचारी व्यवस्थापन :** १) नगरपालिका मातहतमा सरकारी स्वास्थ्य संस्था मार्फत आधारभुत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् ।

(क) स्थायी : प्रदेश लोक सेवा आयोगबाट प्रकिया पुर्याई नियुक्ति भई आएका, नेपाल सरकारको स्वास्थ्य सेवाबाट छनौट भई आएका, अन्यत्रबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(ख) करार : स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(ग) अभ्यासकर्ता : स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत बिद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृतिमा अन्यत्र गई स्वास्थ्य शिक्षा आर्जन गरेका बिद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्ने छ, यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सक्ने छ ।

(घ) स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु

(२) नगरपालिकाभित्र कार्यरत स्वास्थ्य जनशक्तिहरुको कार्य सम्पादनको वैज्ञानिक स्तरमान प्रणालीका आधारमा मूल्याङ्कन गरी उत्कृष्ट स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयंसेवकहरुलाई नगरपालिकाले पुरस्कृत गर्नेछ ।

(३) उपदफा १ बमोजिमका स्वास्थ्यकर्मीहरुको सेवा, समूह, उपसमुह, सुविधा तोकिए बमोजिम हुनेछ ।

३४. **स्वास्थ्य अभियानकर्ता तथा महिला स्वास्थ्य स्वयं सेविकाको व्यवस्था :** (१) स्वास्थ्य सेवालाई घरघरको पहँचुमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले सम्वन्धीत टोल वा वार्डको स्वास्थ्य आमा समुहको सिफारिसमा देहायको योग्यता पुरा गरेका महिलालाई स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले मान्यता प्रदान गर्नेछ ।

(क) महिला स्वास्थ्य स्वयंसेविका सिफारिसका लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेका सम्वन्धित कार्यक्षेत्रमा बसोवास गर्ने विवाहित नागरिक हुनुपर्नेछ ।

(ख) महिला स्वास्थ्य स्वयम सेविका छनौट गर्दा वस्तीहरुको वितरण र जनसंख्याको आधार मान्नु पर्नेछ । एउटा टोलमा बढीमा १००० जनसंख्या सम्मका लागि १ जना महिला स्वास्थ्य स्वयंसेविकाको सिफारिस स्वास्थ्य आमा समुह र वडा समितिले नगरपालिका समक्ष गर्नसक्नेछ ।

(ग) प्रत्येक महिला स्वास्थ्य स्वयं सेविकालाई आधारभुत स्वास्थ्य सम्वन्धी १८ दिनको तालिम प्रदान गर्नुपर्नेछ ।

(घ) साठी वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई तोकिएको प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गरिनेछ । नयाँ महिला स्वास्थ्य स्वयं सेविका छनौट गर्दा कम्तीमा एसईई वा सो सरहको शैक्षिक योग्यता पुगेकालाई मात्र छनौट गर्नुपर्नेछ ।

३९. **कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार** : (१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कार्यसम्पादन सन्तोषजनक नभएमा कारण सहित लिखित स्पष्टिकरण लिनु पर्नेछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय प्रचलित कानुन तथा तोकिए बमोजिम हुनेछ ।

४०. **पदीय आचरण तथा अन्य व्यवस्था** :(१) देहायका अवस्थामा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीलाई विभागिय सजायको लागि नगरपालिकाको स्वास्थ्य समितिले कार्यपालिका समक्ष सिफारिश गर्नेछ र सो व्यवस्था पनि प्रचलित कानुन बमोजिम हुनेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा ।

(ख) विना सूचना लगातार तीस दिनभन्दा बढी समय तोकिएको स्वास्थ्य संस्थामा अनुपस्थित भएमा ।

(ग) स्वास्थ्य संस्थामा धुम्रपान,मद्यपान,सुर्ती तथा सुर्तिजन्य पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायीक क्रियाकलाप गरेमा ।

(च) राजनैतिक दलको कार्यकारिणी वा अन्य कुनै समितिमा रहेको पाइएमा ।

(छ) व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा स्पष्टीकरण: यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै स्वास्थ्यकर्मी वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई प्रचलित कानुन बमोजिम हटाउन सक्नेछ, तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

४१. **अदालतको आदेशबाट पुनः बहालीको व्यवस्था** : (१) दफा (४०) मा उल्लेख भएका कुनै वा अन्य कुनै कसुर सजाय भै सेवाबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी तथा कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र सेवामा पुनःबहाली हुनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनःबहाली भएको स्वास्थ्यकर्मी, वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनः बहाली भएको मिति सम्मको पुरा तलबभत्ता, तलब बृद्धि तथा अन्य सुविधा पाउन योग्य भए सो समेत पाउनेछ ।

४२. **तलबभत्ता नपाउने र सेवा अवधी गणना नहुने** : (१) नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्था र दफा ४१ को उपदफा (२) बमोजिम बाहेक आफु कार्यरत रहेको स्वास्थ्य संस्थामा अनुपस्थित रहेका र बेतलवी बिदामा रहेका स्वास्थ्यकर्मी तथा कर्मचारी अनुपस्थित अवधीको तलबभत्ता तथा अन्य सुविधा पाउने वा नपाउने तथा सेवा अवधिको गणना समेत प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

४३. **स्थायी आवासीय अनुमति लिन नहुने** : (१) नगरपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कुनै स्वास्थ्यकर्मी तथा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन र सोको निवेदन समेत दिन

शिव प्रसाद [illegible]
नगर प्रमुख

(ङ) कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारी, शिक्षक, निर्वाचित जनप्रतिनिधि, कार्यक्षेत्र भन्दा बाहिर बसोबास गर्ने महिलाहरुले स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाइने छैन ।

(च) प्रत्येक ५ वर्षमा स्वास्थ्य आमा समूहको अनुरोध र वडा समितिको सिफारिसमा ६० वर्षको उमेरसम्म आफ्नो सेवा प्रदान गर्न सक्नेछन् । सिफारिस नभएमा वा ६० वर्ष पुरा भएपछि स्वतः पदमुक्त हुनेछन् ।

(छ) महिला स्वास्थ्य स्वयंसेविकालाई तोकिए बमोजिम पोशाक भत्ता, सञ्चार तथा यातायात खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको तोकिए बमोजिमको सुविधा, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने सुविधाहरु नगरपालिकाले उपलब्ध गराउनेछ ।

३५. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्तिः** (१) सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको न्यूनतम दरवन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ र आवश्यकताको आधारमा नगर कार्यपालिकाले थपघट गर्नसक्नेछ ।

(२) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । समायोजन भई नआएमा,दरवन्दी रिक्त रहेमा वा थप कमर्चारी आवश्यकता परेमा नगरपालिकाले कर्मचारी करार सेवामा लिन सक्नेछ ।

३६. **कर्मचारी सरुवा :** (१) नगरपालिका भित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करारमा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताको सरुवा तथा पदस्थापन सरुवा भएर जाँदा र आउँदा सेवाग्राहीले पाउनु पर्ने सेवामा बाधा नपर्ने गरी आवश्यकता र औचित्यको आधारमा तोकिए बमोजिमको प्रक्रिया अपनाई नगरपालिका प्रमुखको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा दरबन्दी अनुसारका पदहरुमा कार्यरत स्थायी कर्मचारीहरुको हकमा सोही दरबन्दी भएको ठाउँमा मात्र गर्न पाइने छ ।

३७. **काजमा खटाउने व्यवस्था :** यदि कुनै स्वास्थ्य संस्थामा कर्मचारी रिक्त भई वा लामो तालिममा जानुपर्ने अवस्था आई सेवानै अवरुद् हुने स्थिति आएमा नगरभित्रको अर्को स्वास्थ्य संस्थाबाट त्यो अवधिभर स्वास्थ्यकर्मी काजमा खटाई सेवा नियमित संचालन गर्नसक्नेछ ।

३८. **कार्यसम्पादन करार सम्झौता सम्बन्धी व्यवस्था :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सेवा प्रवाह चुस्त दुरुस्त गर्न देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(१) प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुख समक्ष,स्वास्थ्य शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष, स्वास्थ्य शाखाका अन्य कर्मचारी तथा स्वास्थ्य संस्थाका प्रमुखहरुले स्वास्थ्य शाखा प्रमुख समक्ष र स्वास्थ्य संस्थाका अन्य कर्मचारीले स्वास्थ्य संस्था प्रमुख समक्ष कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य नगर स्वास्थ्य अनुगमन समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

शिव प्रसाद [illegible]
नगर प्रमुख

पाईने छैन । स्थायी आवासीय अनुमति लिएका स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सेवावाट वर्खास्त गरी थप दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

परिच्छेद : ११

स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा, एम्बुलेन्स सेवा तथा प्रसुति केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

४४. **स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने व्यवस्थाः** नगरपालिकाले स्थानीय स्तरमा औषधी, चिकित्सकिय तथा अन्य औजार उपकरण उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । निर्धारित गुणस्तर र मूल्य भए नभएको कुरा स्थानीय स्वास्थ्य अनुगमन समिति मार्फत अनुगमन गराई सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

४५. **सामाजिक सुरक्षा कार्यक्रम, एम्बुलेन्स सेवा तथा प्रसुति केन्द्र सञ्चालन तथा व्यवस्थापनः** (१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक नेतृत्व, सहजिकरण,जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) नगरपालिकाले आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु तय गरी सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

(३) सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिलाई निशुल्क स्वास्थ्य सेवा परिक्षणको व्यवस्था गर्नेछ । यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४)नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा एम्बुलेन्स सेवा सञ्चालन गर्नु पर्नेछ । एम्बुलेन्स सेवा सञ्चालन सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(५)नगरपालिकाले आवश्यकता अनुसार वडाहरुमा मापदण्ड अअनुरुपका सुविधा सम्पन्न प्रसुति केन्द्रहरु सञ्चालन गर्नेछ ।

परिच्छेद : १२

महामारी तथा संक्रामक रोग नियन्त्रण,वातावरणीय सरसफाई र फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

४६. **रोग तथा रोगीहरुको अभिलेख राख्ने सम्बन्धी व्यवस्थाः** (१) स्थानीय स्तरमा कुनै नागरिकलाई संक्रामक रोग लागेको प्रमाणित भएमा सोको जानकारी संक्रमित आफैं वा निजको सम्वन्धित व्यक्तिले २४ घण्टा भित्र नजिकको स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयं सेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेको थाहा हुन आएमा सो को जानकारी ५ दिनभित्र नजिकको सामुदायिक संस्था वा स्वास्थ्य महिला स्वास्थ्य स्वयम सेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समितिमा जानकारी गराई नगरपालिकाको स्वास्थ्य सुचना प्रणाली अनुसार प्रतिबेदन पठाउनु पर्नेछ ।

शिव प्रसाद [illegible]
नगर प्र[illegible]
२०८८/०४/०१

(४) सिकल सेल तथा थालेसिमिया रोगको निदान, उपचार तथा व्यबस्थापनमा खटिएका स्वास्थ्य संस्था, केन्द्र वा ईकाईहरुले सिकलसेल तथा थालेसेमिया रोगीहरुको प्रभावकारी अभिलेख राखि नगरपालिकाको स्वास्थ्य शाखामा प्रतिवेदन गर्नुपर्नेछ ।

४७. **महामारी तथा संक्रामक रोग रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) प्रत्येक नगरवासीले वार्षिक रुपमा स्वास्थ्य परिक्षण गराउने, नगरले संचालन गरेका सम्पुर्ण जनस्वास्थ्य अभियानमा सहभागी हुने दायित्व हुनेछ ।

(२) स्थानीय स्तरमा कुनै रोगको संक्रमण वा महामारी फैलिएमा, नगरपालिकाले आफ्नो पालिकाभित्र सोको प्रभाव क्षेत्र निक्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न,अन्यत्र बाहिरका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध गर्न र सर्वसाधारण जनता वा कुनै व्यक्तिहरूको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

(३) स्थानीय स्तरमा उब्जेको वा फैलिएको वा फैलिने सम्भावना भएको कुनै संक्रामक रोग निर्मूल गर्न वा सो रोग रोकथाम गर्नको लागि आवश्यक व्यवस्था मिलाउन नगरपालिकाले कुनै अधिकारीलाई मुकरर गरी आवश्यक अधिकार सुम्पन सक्नेछ ।

(४) महामारीको बिषम परिस्थितिमा महामारी तथा संक्रामक रोगको संक्रमणबाट थप क्षति हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र नगरपालिकाले थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारले आदेश जारी गरिसकेको अवस्थामा यस दफा बमोजिम आदेश जारी गर्नु पर्ने छैन र त्यस्तो आदेश स्थानीय सरकारले समेत कार्यान्वयन गर्नेछ ।

(६) नगरपालिका स्तरमा आपत्कालिन अवस्थामा चाहिन सक्ने औषधी तथा औषधीजन्य सामाग्रीहरुको अत्तिरिक्त भण्डारणको व्यवस्था गर्नुपर्नेछ ।

(७) माहामारी नियन्त्रण तथा रोकथामका लागि नगरपालिकाले एउटा छुट्टै द्रुत प्रतिकार्य टोली र आकस्मिक चिकित्सकिय टोली गठन गरी त्यस टिमलाई माहामारी र विपतका बेला आवश्यक परिचालन गर्नेछ ।

४८. **सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन सम्बन्धी व्यबस्था :** (१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न बन्देज लगाइनेछ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण र नियमन गर्न नगरपालिकाले निशेधित

र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय,स्वास्थ्य संस्था, हाटवजार लगायत सार्वजनिक स्थलहरुको १०० मिटर भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती,सुर्तिजन्य तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा प्रचलित कानुन बमोजिम हुनेछ ।

४९. **बाताबरणिय सफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी व्यबस्था :** (१) नगरपालिकाको स्वास्थ्य शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठक बाट अनुमोदन गराउनु पर्नेछ ।

शिव प्रसाद चौधरी
नगर प्रमुख

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वास्थ्य स्वंयसेविकाहरु परिचालन गरी सबै घर परिवारमा वितरण गर्नेछन् ।

(३) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर बिसर्जन गर्ने स्थानको अनिबार्य व्यवस्था हुनु पर्नेछ ।

(४) एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपुर्ति हानी पुऱ्याउने परिवारले तिर्नु पर्नेछ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निश्कासित फौहोरमैलाको उचित व्यबस्थापन गरी कम्पोष्ट मल बनाईएको अवस्थामा नगरपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

(६) नगरपालिका स्वास्थ्य शाखाले स्वास्थ्य संस्थाबाट उत्पन्न हुने स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन गर्न मापदण्ड सहितको निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(७) नगरपालिका क्षेत्र भित्रका सबै सरकारी,निजी तथा अन्य स्वास्थ्य संस्थाहरुले आप्नो स्वास्थ्य संस्थाबाट उत्पन्न भएको फोहरमैला व्यवस्थापन गर्नु सम्वन्धीत स्वास्थ्य संस्थाकै दायित्व हुनेछ ।

(८) उच्च ध्वनि प्रदुषणबाट उत्पन्न हुने स्वास्थ्य समस्या न्युनिकरणका लागि राति १० (दश) वजे देखी बिहान ५ (पाँच) वजे सम्म नगरपालिका क्षेत्र भित्र चर्को आवाजमा कुनै पनि उच्च ध्वनिजन्य सामग्रीहरु बजाउन नगरपालिकाले पूर्णरुपमा रोक लगाउने छ ।यदि कसैले यो नियमको अवज्ञा गरेमा प्रचलित कानुन बमोजिम दण्ड सजाय हुनेछ ।

(९) जल, वायु, विषादी र अन्य जैविक तथा रासायनिक पदार्थको प्रदुषणका कारण उत्पन्न हुने स्वास्थ्य समस्यालाई न्युनिकरण गर्न नगरपालिकाले आवश्यक नियम बनाई लागु गर्नेछ ।

परिच्छेद : १३
विविध

५०. **निजी मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस :** (१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम तथा वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि नगरपाल्कि आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

५१. **सुरक्षित क्षेत्र कायम गर्नुपर्ने सबन्धीः** (१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भय रहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सृजना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सबैको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम सुक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन्।

(३) कुनैपनि स्वास्थ्य संस्थाम उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग, आदीको आधारमा भेदभाव एवं दुर्व्यबहार दण्डनीयहुनेछ , भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिंदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्था र कार्यरत स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ,व्यक्तिगत गोपनियताको हक

सुरक्षित नभएको वा कुनैपनि बहानामा अन्यथा भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

५२. **राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनुपर्ने सम्बन्धी ब्यबस्थाः** (१) संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेका अभियानहरुलाई स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्न नगरपालिकाले समन्वय गर्नेछ ।

५३. **अनुगमन, मुल्यांकन, सुपरिवेक्षण र नियमन** : नगरपालीकाको समग्र स्वास्थ्य सेवा तथा परम्परागत स्वास्थ्य सेवा प्रदायकहरु र तीनिहरुले दिने स्वास्थ्य सेवाको समेत अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई नगरपालिकाले अनुगमन र निरुपन गर्नेछ । जसका लागि नगरपालीकाले एउटा छुट्टै अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण नियम, निर्देशिका वा मापदण्ड तयार गरी लागु गर्नेछ ।

५४. **प्रगति विवरण बुझाउनुपर्ने** :

(१) नगर क्षेत्रभित्र संचालित सरकारी,निजी, गैरसरकारी तथा अन्य स्वास्थ्य संस्थाहरले प्रदान गरेको सेवाको विवरण मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ । साथै स्वास्थ्य सेवाको आवधिक रुपमा (मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक) समिक्षा समेत गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि नगरपालिकाले माग गरेको अवस्थामा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्वन्धित स्वास्थ्य संस्थाको जिम्मेवारी हुनेछ ।

५५. **साझेदारी सम्वन्धमा** : नगरपालिकाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी,गैरसरकारी संस्था,सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग बिभिन्न स्वास्थ्य सम्बन्धी कार्यहरुका लागि, साझेदारी गर्न सक्नेछ र तिनीहरुबाट आर्थिक ,औषधि, उपकरण, विशेषज्ञ सीपहरुको सहायता समेत प्राप्त गर्न सक्नेछ ।

५६. **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधीहरु बनाई लागू गर्न सक्नेछ ।

५७. **पुनरावेदन** : तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

५८. **संक्रमणकालीन व्यवस्था** : यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको कामको नियमावली, निर्देशिका, कार्यविधी जारी नभए सम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

५९. **बाधा अडकाउ फुकाउने, अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ तर यस्तो आदेश नगरसभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

६०. **दण्ड र सजायः** (१) कसैले सरकारी, समुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वस्थ्य सेवा व्यबसायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई नगर स्वास्थ्य

समितिको सिफारीसमा कार्यपालिकाले बिगो असुल गर्ने गरी प्रचलित कानुन बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ :-

(क) उपचार, सेवा र सेवासंग सम्बन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा,

(ख) स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिदा लापरवाही, विभेद वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) उपचारमा गलत नियत राखी दुख दिएमा, अमर्यादित कार्य गरेमा,

(घ) कानून विपरितका अन्य कार्य गरेमा ।

(३) नगरपालिकाको तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

६१. यसै अनुसार हुने : (१) यो ऐन वा यसै ऐन अर्न्तगत बनेका नियमावलीमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

६२. खारेजी र बचाउ :

(१) यसअघि भए गरेका काम कारवाहीहरु यसै ऐन अनुसार भएको मानिनेछ ।

(२) यसअघि कानून बमोजिम नियुक्त स्वास्थ्यकर्मी, कर्मचारी स्वयं सेवकहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्ने छैन ।

(३) यस ऐनमा भएका व्यवस्थालाई संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरी समयानुकुल परिमार्जन र संशोधन गर्न सकिनेछ ।

धन्यवाद ।

२०८६/०५/०१

शिव प्रसाद [illegible]
नगर प्रमुख